का.जि.प्र.का.द.नं. १००/०५९/६०
३१ साउन २०८०,
बुधबार
16 August 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २०२। पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# प्रधानमन्त्री प्रचण्डका चार सन्देश

१ सुन तस्करको अनुसन्धान गहिराइमा पुग्छ

२ महरामाथिको अभियोजन अघि बढ्छ

३ टेरामक्स प्रविधि लागू हुँदैन

४ एमाले संसद नचले नचलोस् भन्नेमा छ

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

सत्तारुढ र प्रमुख प्रतिपक्षी दलका बीचमा कटुतापूर्ण सम्बन्ध रहेका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मंगलबार केही सम्पादकहरुलाई छलफलमा बोलाए । प्रमुख सञ्चार माध्यमका सम्पादकहरुसँगको भेटमा उनले मुख्य चार वटा सन्देश दिएका छन् ।

सबैभन्दा पहिले उनले सुन तस्करको माथिको अनुसन्धानमा सरकारको धारणा राखेका छन् । साथसाथै केही सूचना पनि दिए । प्रधानमन्त्री प्रचण्डका अनुसार सुन तस्करीको अन्तरदेशीय सञ्जाल देखा परेको छ । यो विषयमा अनुसन्धानका लागि इन्टरपोललाई अनुरोध गरिएको छ । प्रधानमन्त्री प्रचण्डले नै पछिल्लो सुन तस्करीको घटनामा विदेशी नागरिकहरुको संलग्नता र त्यसको अन्तरदेशीय सञ्जाल देखिएकाले अनुसन्धानमा सहयोग गर्न इन्टरपोललाई आग्रह गरिएको बताएका छन् ।

यही साउन २ गते भन्सार हुँदै बाहिरिएको ६० केजी सुन बरामद भएपछि उक्त घटनाले राजनीतिक वृत्तलाई नै तरंगित बनाएको छ । यही विषयलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले उच्चस्तरीय छानबिन समिति गठनको माग गरिरहेको छ । एमालेले छानबिन समितिको माग गरे पनि सरकारले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले छानबिन गर्ने बताउँदै आएको छ ।

यस विषयलाई लिएर सदनमा जारी अवरोध खलाउन अनेक प्रयास गर्दा पनि एमालेले नमानेको भन्दै प्रधानमन्त्री प्रचण्डले एमाले संसद नचले पनि नचलोस् भन्नेमा रहेको आफूले पाएको समेत पत्रकारहरुलाई सुनाए ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र आफ्नोबीचमा पटक पटक छलफल भएको र संसद खोल्ने सहमति भएको उल्लेख गर्दै उनले समिति सभापति र टीआरसीसम्बन्धी विधेयकमा मिलेर जाने सहमति भएको बताए । तर प्रधानमन्त्री निवास वालुवाटारबाट बानेश्वर पुग्दा सहमति भंग हुने गरेको दोहोऱ्याउँदै प्रचण्डले एमालेको व्यवहारले संसद नचले नचलोस् भन्ने देखाएको टिप्पणी गरे ।

गैर कानुनी रुपमा सुन आयात गर्ने सन्दर्भमा माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरासमेत जोडिएको कतिपयको आशंका छ । अब महरामाथिको अभियोजन अघि बढ्ने प्रधानमन्त्री पृष्ठ २ मा

## प्रधानमन्त्री अमेरिकाबाटै चीन भ्रमणमा जाने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चीन भन्दा पहिले अमेरिका भ्रमणमा जाने भएका छन् । अमेरिकाबाटै चीन भ्रमणमा जाने भ्रमण तालिका तय भएको छ ।

प्रधानमन्त्री प्रचण्डका अनुसार उनी भदौ ३० गते अमेरिकामा संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन त्यसतर्फ प्रस्थान गर्नेछन् । त्यतैबाट उनी असोज ४ गते चीन भ्रमणमा जानेछन् ।

अमेरिकाको न्यूयोर्कमा १९ सेप्टेम्बरबाट संयुक्त राष्ट्रसंघको महासभा सुरु हुँदैछ र त्यहाँ २१ सेप्टेम्बरमा आफ्नो सम्बोधन तय भएको प्रचण्डले जानकारी दिएका छन् । चीनमा २३, २४ र २५ सेप्टेम्बरमा एसियाली खेलकुद कार्यक्रम तय भएको छ । प्रचण्ड २१ सेप्टेम्बरमा चीन जानेछन् । प्रधानमन्त्री प्रचण्ड २५ सेप्टेम्बरमा स्वदेश फर्किने तय भएको छ ।

चीन भ्रमणका क्रममा चीनका राष्ट्रपति सी जिनपिङ र प्रधानमन्त्री पृष्ठ २ मा

## सुकुम्बासी समस्या समाधानमा अग्रसरता



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

कबाठमाडौंको सुकुम्बासी र तीनकुनेको जग्गा समस्या समाधानमा संघीय सरकारले अग्रसरता लिएको छ ।

मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाएर काठमाण्डौ महानगरका मेयर बालेन्द्र शाह, मुख्यसचिव वैकुण्ठ अर्याल, विभिन्न मन्त्रालयका सचिवहरूलगायतसँग छलफल गरे । छलफलका क्रममा उनले काठमाण्डौ महानगरभित्रका मुख्य दुई वटा समस्या समाधानका लागि मन्त्री र सचिवहरूलाई निर्देशन नै दिए ।

तीनकुनेमा अधिग्रहण गरिएको जग्गामा देखिएको मुआब्जा समस्या समाधान र काठमाण्डौ उपत्यकाको सुकुम्बासी समस्या व्यवस्थापन गर्न जे आवश्यक हो त्यही गरेर अगाडि बढ्नुपर्ने भन्दै उनले त्यस अनुसार कार्य गर्न भनेका छन् ।

'सार्वजनिक महत्वका विषयको दीर्घकालीन अर्थ हुन्छ, त्यस्ता विषयमा हामीले सबैभन्दा बढी ध्यान दिनुपर्छ । एउटा मन्त्रालय र निकायसँग जोडिएको विषय अन्त सार्ने र पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## बोर्डले मनोपरामर्श, शैक्षिक र कल्याणकारी काम अघि बढाउने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० साउन

वैदेशिक रोजगार बोर्डले वैदेशिक रोजगारीमा रहेका कामदारका परिवार हरुलाई मनोसामाजिक परामर्श दिने भएको छ । वैदेशिक रोजगारमा रहेका कामदार हरुका लागि टेलिमेडिसिनलगायतका कार्यक्रम सञ्चालन गरिरहेको बोर्डले नै एक जना मनोसामाजिक परामर्शदाता राखेर पीडित परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श प्रदान गर्ने तयारी गरेको हो ।

वैदेशिक रोजगारमा मृत्यु तथा अंगभंग हुने कामदारका परिवार मानसिक समस्यामा रहने गरेको बताइएको छ। हाल वैदेशिक रोजगारमा रहेकामध्ये ईपीएस प्रणालीमार्फत दक्षिण कोरिया गएका धेरैजसो नेपाली मानसिक समस्यामा पर्ने गरेका छन् । रोजगारदातासँग भाषाको समस्याका कारण बिरामी पर्दा वा अन्य अवस्थामा भावना नबुझिदिने प्रवृत्तिका कारणले कामदार मानसिक समस्यमा पर्ने गरेको बोर्डको भनाइ छ ।

बोर्डले वैदेशिक रोजगारमा रहेका कामदारका आश्रित सन्तान तथा परिवारका सदस्यहरुका लागि कल्याणकारी कार्यहरु थप गरेको बताएको छ । बोर्डका निर्देशक तथा सूचना अधिकारी राजन पौडेलका अनुसार वैदेशिक रोजगारीमा रहेका कामदारका छोराछोरीका लागि चालु आर्थिक वर्षदेखि एक अर्ब १२ करोड रुपैयाँ बजेटमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिने भएको छ । त्यसका लागि वैदेशिक रोजगारीमा धेरै गएका मधेश प्रदेश अन्तर्गतका जिल्लाहरु छनोट गरी उक्त कार्यक्रम अघि पृष्ठ २ मा

### निर्वाचन आयोग र एनआरएनएबीच सहमति



**काठमाडौं/मस–** गैर आवासीय नेपाली संघ (एनआरएनए) र निर्वाचन आयोगबीच विदेशमा रहेका नेपालीको मतदाता नामावली संकलन कार्यलाई प्रभावकारी बनाउने सहमति भएको छ । संघका कार्यकारी अध्यक्ष डा. बद्री केसीको नेतृत्वमा मंगलबार निर्वाचन आयोगमा पृष्ठ २ मा

## खुल्यो जग्गा कित्ताकाट



मन्त्रिपरिषदले संशोधित भू-उपयोग नियमावली स्वीकृत गरेसँगै पूर्णरुपमा जग्गा कित्ताकाट खुलेको हो । अब जग्गा वर्गीकरण नभएको क्षेत्रमा पनि कित्ताकाट हुनेछ ।

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

जग्गा कित्ताकाट खुलेको छ । मन्त्रिपरिषदले संशोधित भू-उपयोग नियमावली स्वीकृत गरेसँगै पूर्णरुपमा जग्गा कित्ताकाट खुलेको हो । अब जग्गा वर्गीकरण नभएको क्षेत्रमा पनि कित्ताकाट हुनेछ ।

विस्तृत समाचार
पृष्ठ १६ मा....

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोवाइल, ट्याब, ल्यापटप आदि ) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति विग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसावमा समेत ध्यान नदिने, एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

कक्षा १२ को नतिजा प्रकाशन

## गत वर्षको तुलनामा सामान्य सुधार

एक लाख ८२ हजार ९२६ विद्यार्थीले नन ग्रेडेड (एनजी) ल्याएका छन् । यो गत वर्षको तुलनामा २.८१ प्रतिशतले कमी हो । अघिल्लो वर्ष एनजी ल्याउने विद्यार्थी ५१.९० प्रतिशत थिए । यो वर्ष ४९.०९ प्रतिशत छ ।



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० साउन ।

कक्षा १२ को वार्षिक परीक्षाको नतिजा सार्वजनिक भएको छ । राष्ट्रिय परीक्षा बोर्डका अनुसार ५०.०९ प्रतिशत विद्यार्थीले ग्रेडेड प्राप्त गरेका छन् । ४९.०९ प्रतिशत विद्यार्थीले नन ग्रेडेड (एनजी) प्राप्त गरेका छन् । बोर्डका अध्यक्ष डा. महाश्रम शर्मा 'यो वर्ष गत वर्षको तुलनामा केही सुधार आएको' बताउँछन् । पृष्ठ २ मा

### झण्डै ७ हजारले ल्याए ए प्लस

कक्षा १२ को परीक्षामा झण्डै ७ हजारले ए प्लस ल्याएका छन् । ६ हजार ९७६ विद्यार्थीले ३.६१ देखि ४ जीपीए अर्थात ए प्लस ग्रेड ल्याएका हुन् । राष्ट्रिय परीक्षा बोर्ड सदस्य सचिव सदस्य सचिव दुर्गा अर्यालका अनुसार २०७९ को तुलनामा ०.७२ प्रतिशत बढी विद्यार्थीले ए प्लस ल्याएका हुन् । गत वर्ष ४ हजार १७९ विद्यार्थीले ए प्लस ल्याएका थिए ।

१ लाख ८२ हजार ९२६ विद्यार्थीले नन ग्रेडेड (एनजी) ल्याएका छन् । यो गत वर्षको तुलनामा २.८१ प्रतिशतले कमी हो । गत वर्ष १ लाख ८८ हजार ४१० विद्यार्थीले एनजी ल्याएका थिए । जुन जम्मा विद्यार्थीको ५१.९० प्रतिशत थियो । यो वर्ष भने ४९.०९ प्रतिशत छ ।

### असोज ६ र ७ गते ग्रेड वृद्धि परीक्षा

कक्षा १२ को ग्रेड वृद्धि परीक्षा आगामी असोज ६ र ७ गते हुने भएको छ । नन ग्रेडेड ल्याएका विद्यार्थीहरूका लागि ग्रेड वृद्धि परीक्षा सञ्चालन हुन लागेको हो । राष्ट्रिय परीक्षा बोर्डका अनुसार यो वर्षको परीक्षामा १ लाख ८२ हजार ९२६ विद्यार्थीले एनजी ल्याएका छन् । ती मध्ये १ लाख २३ हजार विद्यार्थीले ग्रेड बुद्धि परीक्षा दिन पाउनेछन् । एक विषयमा मात्रै एनजी आएका विद्यार्थीको संख्या ७९ हजार ५८४ छ । प्रकाशित नतिजामा चित्त नबुझेको खण्डमा विद्यार्थीहरूले चित्त नबुझेमा १५ दिन भित्र ५०० रुपैयाँ तिरेर आवेदन दिन समेत सक्नेछन् ।




# बरामद सुनको तौल ६० किलो ७१६ ग्राम

**रामबहादुर सुवेदी(आरके)/मध्यान्ह**
काठमाडौं, ३० साउन

भन्सार छली गरी अवैध रुपमा नेपाल भित्र्याइएको सुनको वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ।

बरामद गरिएको सामानको सुनसहितको कूल तौल एक सय ५५ किलो चार सय ६८ ग्राम भएकोमा नेपाल राष्ट्र बैंकअन्तर्गतको टक्सार महाशाखाले ब्रेकशु, प्याकेजिङ कार्टुनलगायतबाट छुट्याएपछिको सुन तौल ६० किलो सात सय ८९ ग्राम कायम भएको थियो। तर आज उक्त सुन गाल्दा ७३ ग्राम जर्ती काटिएपछि वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको महाशाखा प्रमुख थानेश्वर आचार्यले जानकारी दिए।



रेडी ट्रेडर्सका नाममा हङकङबाट आयात भएको दुईपाँग्रे सवारीको पार्टस् ब्रेक शुभित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थल बाहिरिँदै गर्दा राजस्व अनुसन्धान विभागले यही साउन ३ गते सिनामङ्गल क्षेत्रबाट बरामद गरेको थियो।

उनले भने, 'हामीले बरामद सुन आज गालिसकेपछि धेरै ठूलो जर्ती गएन। वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ। सामान्य रुपले हेर्दा राम्रो गुणस्तरकै सुनजस्तो देखिन्छ। तर वास्तविक गुणस्तर परीक्षण तीन दिनभित्र गरिसक्छौं।'

राष्ट्र बैंकले सुन गालिसके पनि यो प्रकरणको छानबिन प्रक्रिया भने सकिसकेको छैन। गालीसकेको सुन अब के हुन्छ भन्ने विषयमा सरकारले नै निर्णय लिने आचार्यको भनाइ छ। जुनसुकै अवैध सामग्री बरामद भएपछि त्यो स्वतः सरकारको स्वामित्वमा जान्छ र त्यस्तो सामग्री के गर्ने भन्ने विषयमा सरकारले नै निर्णय लिन्छ। सामान्यतः बरामद सुनको तौल र गुणस्तर परीक्षणपछि अन्तर्राष्ट्रिय मूल्यमा पाँच प्रतिशत थप रकम तिरेर सरकारसँग राष्ट्र बैंकले किन्ने गरेको छ।

सुन तस्करीबारे अनुसन्धान जारी छ। सो सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले अनुसन्धान गरिरहेको छ।

# दलितको सवालसम्बन्धी मुद्दा हेर्ने छुट्टै मन्त्रालय तोक्न निर्देशन

**काठमाडौं/मस-** दिगो विकास तथा सुशासन समितिले राष्ट्रियसभाबाट पारित दलितका सवालसम्बन्धी संकल्प प्रस्ताव सम्बन्धमा तयार पारिएको कार्ययोजना कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको छ।

समितिको बसेको बैठकले 'दलित समुदायका विभेद र उत्पीडनको अन्त्य गरी सामाजिक सांस्कृतिक आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने' लगायतका विषयमा संकल्प प्रस्ताव कार्यान्वयनका लागि समितिबाट तयार पारिएको कार्ययोजनामा आवश्यक सुझाव र परिमार्जनसहित कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन गरेको हो।

प्रस्तावित उक्त कार्ययोजना कार्यान्वयनको अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वयन गर्न र नियमितरूपमा यसको प्रतिवेदन समितिमा उपलब्ध गराइदिन का सभापति प्रकाश पन्थले निर्देशन दिए।



उक्त पाँचवर्षे (२०८०-२०८५) कार्ययोजना सभापति पन्थले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव प्रकाश सिंह, अर्थमन्त्रालयका सचिव रामप्रसाद घिमिरे, गृहमन्त्रालयका सचिव दिनेश भट्टराई, कानून, न्याय तथा संसदीय मामिला सहसचिव मानबहादुर अर्याललाई हस्तान्तरण गरे। मन्त्रिपरिषद् कार्यालयका सचिव सिंहले उक्त कार्ययोजना सरकारको मार्गदर्शनका रूपमा रहने उल्लेख गर्दै कानूनभन्दा इमानदारी ठूलो रहेको बताए। दलितमाथि भएका विभेदलाई उन्मूलन गर्न भएका कानूनी व्यवस्थाले ८० प्रतिशत बढी समेट्नाले ठूलो जनशक्ति, स्रोतसाधन आवश्यक नपर्ने उनको भनाइ छ।

गृह मन्त्रालयका सचिव भट्टराईले कार्ययोजना कार्यान्वयनमाथि प्रतिबद्धता जनाउँदै जातीयतामाथि भएको अपराधलाई उन्मूलन गर्न सरकार संवेदनशील रहेको र जनशक्ति, स्रोतसाधनको लगानीअनुसार उपलब्धि क्रमशः देखिँदै जाने उनले बताए।

त्यस्तै अर्थ मन्त्रालयका सचिव घिमिरेले जातीय विभेद सम्बन्धमा सम्बन्धित गतिविधिका कार्यक्रम निरन्तर गरिरहेको बताउँदै उक्त कार्ययोजना कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रालय प्रतिबद्ध रहेको जनाए। कानून मन्त्रालयका सहसचिव अर्यालले विभेदको गम्भीरताका आधारमा सोही अनुपातमा सजायको कानून बनाउन आवश्यक रहेको बताए।

बैठकमा समितिका सदस्य भुवनबहादुर सुनारले दलित वर्ग लक्षित बजेट विनियोजन नभएको बताए। 'अर्थ मन्त्रालयबाट दलित वर्गलाई भनी बजेट छुट्याइएको छ तर किटान गरेको छैन। गोलमालमा छुट्याएको बजेटले आर्थिक पक्षबाट लक्षित वर्गको स्तर उकासिँदैन', उनले भने।

सदस्य वामदेव गौतमले दलित समुदायका हकहितलाई संरक्षण गर्न संविधानमा व्यवस्था भएबमोजिमको कानून बन्न आवश्यक रहेको तर नबनेको बताए। सदस्य कमला पन्तले जातीय विभेद उन्मूलन गर्न स्थानीय तहलाई विशेष जिम्मेवार बनाउनुपर्ने बताउँदै उक्त सामाजिक समस्या न्यूनीकरणमा व्यक्तिको मनोभावलाई सचेतना र कारबाहीको माध्यमबाट गर्न सकिने बताइन्।

समितिका अन्य सदस्यहरूले जातीय विभेद उन्मूलन गर्न भएको विकराल अवस्थालाई सम्बन्धित निकाय गम्भीर हुन आवश्यक रहेको र व्यक्तिको मानसिकता मुख्य समस्या रहेको उनको भनाइ छ।

उनीहरूले दलितसम्बन्धी एकीकृत कानून आवश्यक रहेको, जनचेतना उत्पीडित गराउने अन्य वर्गलाई पनि आवश्यक रहने, गम्भीरताका आधारमा सोहीअनुसार सजाय दिने कानूनी व्यवस्था हुनुपर्ने तथा दलितसम्बन्धी तालुक मन्त्रालय स्पष्ट हुनुपर्ने लगायतका विषय बैठकमा उठान गरेका थिए। कार्ययोजनाले संविधान संशोधन तथा परिमार्जन, नीतिगत तथा कानूनी सुधार, संस्थागत, संरचनागत तथा प्रक्रियागत सुधार, नीति बजेट तथा कार्यक्रम सुधार, सशक्तीकरण तथा सचेतना, कार्ययोजना कार्यान्वयन अनुगमन मुल्यांकनका क्षेत्र समेटिएको छ।

### प्रधानमन्त्री...

प्रचण्डको भनाइ छ। आफूले विद्युतीय चुरोट (भेप)मा लुकाएर सुन ल्याएको विषयमाथि प्रहरीलाई अनुसन्धान गर्न निर्देशन दिइसकेको बताए। प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)लाई आफूले महरालाई पनि प्रतिवादी बनाउन आग्रह गरिएको पत्रकारहरुलाई सुनाए।

महराको र उनको छोरालाई कि त नाम लेख्न नहुने ना लेखेपछि प्रतिवादी बनाउन ाावश्यक रहेको आफूले प्रहरीलाई भनेको प्रचण्डको भनाइ छ।

पछिल्लो समय सरकारले आलोचना खेपिरहेको अर्को विषय हो - टेरामक्स प्रविधि लागू गर्ने सरकारको तयारी छ। तर प्रधानमन्त्री प्रचण्डले नै यो प्रविधि लागू नहुने बताइदिए।

नागरिकका फोन ट्यापिङ गर्नेसहितका प्रयोजनका लागि टेरामक्स प्रविधि कार्यान्वयन नगर्ने प्रधानमन्त्री प्रचण्डको प्रतिवद्धता छ।

### प्रधानमन्त्री अमेरिकाबाटै...

लि क्वाङसँगको भेटवार्ता तय भएको छ। भ्रमणका क्रममा रसुवाबाट क्रस बोर्डर ट्रान्समिसन लाइन राख्ने सहमति गर्ने र एग्रोबेस उद्योग बढाउने विषयमा चिनियाँ चासो छ। बीआरआई कार्यान्वयनको योजनाका विषयमा समेत छलफल हुने भन्दै प्रधानमन्त्री प्रचण्डले चीनले एउटा परियोजना अनुदानमा अगाडि बढाइदेओस् भन्ने आफ्नो चाहना रहेको पत्रकारहरुलाई सुनाएका छन्।

### कक्षा...

गत वैशाख २६ गतेदेखि जेठ ५ गते सम्पन्न परीक्षामा चार लाख ६७ हजार ३८९ विद्यार्थीले परीक्षा दिएका थिए। जसमा ५६ हजारभन्दा बढी विद्यार्थीले ग्रेड वृद्धिका लागि परीक्षा दिएका थिए।

लेटर ग्रेडिङ निर्देशिका अनुसार प्रत्येक विषयको सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अंक प्राप्त गरेमात्रै विद्यार्थीले ग्रेडसिट प्राप्त गर्ने व्यवस्था छ। लेटर ग्रेडिङ निर्देशिकामा संशोधन गरेर जुन विषयमा नन ग्रेडेड (एनजी) हुन्छ त्यही विषयमा मात्रै ग्रेड वृद्धि परीक्षा दिनुपर्ने व्यवस्था गरिएको छ।

सोही आधारमा अब विद्यार्थीले जति विषयमा एनजी आएको छ त्यति विषयको मात्र ग्रेड वृद्धिको परीक्षा दिन पाउनेछन्। यसअघि दुईभन्दा बढी विषयमा एनजी आएमा अर्को वर्ष सबै विषयको परीक्षा दिनुपर्ने बाध्यता थियो। गत वर्ष उक्त निर्देशिका संशोधन गरेर जति विषयमा एनजी आएको छ त्यतिको मात्र परीक्षा दिनपाउने व्यवस्था गरेको थियो।

### सुकुम्बासी...

समस्याबाट उम्किने काम हामी कसैले पनि गर्नु हुँदैन। त्यसतर्फ तपाईंहरूले ध्यान दिनुस्' प्रधानमन्त्री प्रचण्डले भनेका छन्।

छलफलमा उपप्रधान एवम गृहमन्त्री नारायणकाजी श्रेष्ठ, सहरी विकासमन्त्री सीता गुरुङ, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवी साह, नेपाल सरकारका मुख्यसचिव डा. बैकुण्ठ अर्याल, काठमाण्डौ महानगरका मेयर बालेन्द्र साह, नेपाल सरकारका विभागीय मन्त्रालयका सचिवहरू उपस्थित थिए।

बैठकमा तीनकुने अधिग्रहण गरिएको जग्गा नेपाल सरकारको नाममा आइसकेको परिस्थितिमा पनि मुआब्जा र समस्या समाधान हुन बाँकी रहेकाले त्यसको दीर्घकालीन समस्या कसरी गर्ने एवम तीनकुने जडीबुटी अन्डरपासको काम कसरी प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो।

छलफलमा काठमाण्डौ उपत्यकाको सुकुम्बासी समस्याका समाधानका लागि भएका प्रयासहरू र त्यसलाई निष्कर्षमा पुर्याउन अन्तरनिकाय समन्वय प्रभावकारी बनाउने विभिन्न बिकल्पबारे समेत छलफल भएको थियो।

### बोर्डले...

बढाइने बोर्डले जनाएको छ। वैदेशिक रोजगारीका क्रममा विभिन्न कारणले समस्यामा पर्ने कामदारहरुको उद्धारलाई तीव्रता दिन यस वर्ष पाँच करोड रुपैयाँ छुट्याइएको छ। विगतमा बजेटको अभावमा गैरआवासीय नेपाली, राजनीतिक दल निकट तथा अन्य सामाजिक संस्थाहरुको आर्थिक सहयोगमा टिकट खरिद गरी अलपत्र अवस्थामा रहेकालाई स्वदेश फर्काउने गरिएको थियो।

त्यसैगरी बोर्डले वैदेशिक रोजगारीको क्रमम अंगभंग भएर फर्किएका श्रमिकहरुलाई ह्विलचियर, कृत्रिम हात खुट्टालगायतका जीवनोपयोगी सामग्री प्रदान गर्ने कार्यलाई तीव्रता दिने बताएको छ।

### निर्वाचन...

प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियासँग यस विषयमा छलफल भएको छ।
अध्यक्ष केसीले विदेशमा रहेका नेपालीको मताधिकार कार्यान्वयनमा भइरहेको पछिल्लो प्रगतिबारे प्रमुख निर्वाचन आयुक्त थपलियाको ध्यानाकर्षण गराउँदै चासो व्यक्त गरे। गैर आवासीय नेपाली संघले वैदेशिक रोजगारमा रहेका नेपाली र गैर आवासीय नेपालीको मतदानको प्रबन्धबारेमा धेरै अगाडिदेखि दबाब दिँदै आएको छ।

भेटमा प्रमुख निर्वाचन आयुक्त थपलियाले विदेशमा रहेका नेपालीहरुको मतदाता नामावली संकलनको प्रक्रिया शुरु भएको र विदेशमै गएर नामावली संकलनको तयारी पनि अन्तिम चरणमा पुगेको जानकारी दिए। आयोगले सम्बन्धित देशका सरकारी निकायसहित गैर आवासीय नेपालीसँग पनि सहकार्य र समन्वय गरेर मतदाता नामावली संकलन गर्ने तयारी गरेको प्रमुख निर्वाचन आयुक्त थपलियाले बताए। त्यसका लागि सहकार्य, समन्वय र सहजीकरण गर्न गैर आवासीय नेपाली संघलाई प्रमुख निर्वाचन आयुक्त थपलियाले आग्रह गरे। नामावली संकलनलगायतका लागि आवश्यक कानूनसहित केही आन्तरिक तयारी पूरा गरी आयोगले छिट्टै बाँकी काम शुरु गर्ने थपलियाको भनाइ थियो।

अध्यक्ष केसीले विदेशमा रहेका नेपालीको मतदानको अधिकार कार्यान्वयनका लागि पूर्णरुपमा सहयोग गर्ने भन्दै संघका विभिन्न देशस्थित राष्ट्रिय समन्वय परिषद् र एनआरएनका प्रतिनिधि तथा अभियन्तामार्फत आयोगको काममा सहयोग र सहजीकरण गर्ने प्रतिबद्धता जनाए।

त्यस अवसरमा आयोगका उपसचिव सूर्यप्रसाद गौतम, संघका प्रवक्ता सोम सापकोटा र सरोज दाहाललगायतको उपस्थिति रहेको थियो।

**हुम्ला डायरी**
ओबराज शाही/मध्यान्ह

## सुत्केरी महिलाको उद्धार

हिमाली जिल्ला हुम्लामा हवाई जहाज नआउँदा बिरामीले अकालमा ज्यान गुमाउँदै आएका छन्। जिल्ला अस्पतालबाट जिल्ला बाहिर रिफर गरिएका हुम्लाका चार जना शिशुको मृत्यु भइसकेको छ। उड्डयन प्राधिकरणले नयाँ नियाममा १२ बजे अगाडि मात्र उडान गर्ने १२ बजेपछि उडान नगर्ने नयाँ नियामले गर्दा जिल्लाका बालकले अकालमै ज्यान गुमाउनु परेको हो।



सिमकोट गाउँपालिका ७ महिनाका रोहित शाही, सिमकोट वडा ६ का ६ महिनाका इमराज सुनार, खार्पुनाथ गाउँपालिका वडा १ डेढ वर्षका आर्यन परिवार र चंखेली गाउँपालिका वडा ४ का सन्देश लुवारको थप उपचारका लागि जिल्ला बाहिर लैजान नपाउँदै ज्यान गुमाएका हुन्।

जिल्लाको मौसम बिहान सफा नहुने १ बजेदेखि ४ बजेसम्म मौसम खुल्दा उडान हुँदैन। नयाँ नियमले गर्दा हवाई सेवा सुचारु नहुँदा जिल्ला अस्पतालबाट रिफर गरेकी ४० वर्षीया महिलालाई मंगलबार नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरिएको छ।

उद्धारमा पाँच दिनकी सुत्केरी दिपकली सार्कीलाई उद्धार गरिएको हो। उनलाई रक्तश्राव भएपछि राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेल र जिल्ला अस्पतालको पहलमा उद्धार गरिएको हो। उनलाई पाँच दिन अगाडि जिल्ला अस्पतालबाट रिफर गरेको भएपनि हवाई यातायात सुचारु नहुँदा नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गर्नु परेको हो। हुम्लाबासी बिरामी हुँदा पनि सुविधा सम्पन्न अस्पतालमा जान नपाएर ज्यान गुमाउनु परेको छ।

## भिरबाट लडेर गयो ज्यान

हुम्लाको ताजाकोट गाउँपालिकामा एक जनाको भिरबाट लडेर मृत्यु भएको छ। घाँस काट्ने क्रममा भिरबाट लडेका ताजाकोट गाउँपालिका ४ का २२ वर्षीय करण ढकालको भिरबाट लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय हुम्लाले जनाएको छ।

घाँस काट्न गएका ढकाल ताजाकोट ४ को पुनलोटे भिरबाट सोमबार दिउँसो लडेका स्थानीयले बताएका छन्।

बेलुका साँझसम्म पनि घर नफर्किएपछि खोजी गर्दा भिरभन्दा तल मृत अवस्थामा भेटिएका थिए। घाँस काट्दा चिप्लिएर मृत्यु भएको हुन सक्ने आशंका गरिएपनि घटनाको थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले बताए।

ताजाकोट गाउँपालिकाका अध्यक्ष लालकेश जैसीले घरबाट घाँस काट्न एक्लै गएकाले दिउँसो कतिखेर लडे भन्ने कसैलाई थाहा नभएको र बेलुका बिहानसम्म घर नआएपछि खोजी गर्दा भिरको तल मृत भटिएपछि प्रहरीलाई खबर गरिएको बताए।

## ढुंगाले लागेर एक जनाको मृत्यु

हुम्लामा माथिबाट ढुंगा खसेर लाग्दा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सर्केगाड गाउँपालिका वडा ५ का ५५ वर्षीय मानसिंह बुढा रहेका छन्।

बिहान घरबाट कामका लागि हिँडेका बुढाको सर्केगाड गाउँकै वडा ५ मा पर्ने जंगलबाट एक्कासी माथिबाट खसेको ढुंगाले लाग्दा मृत्यु भएको स्थानीय छवि थापाले बताए। मृतक बुढा धुमचुमी आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत हुन्।


**Belbari Municipality**
**Office of the Municipal Executive**
**Belbari, Morang**

**Invitation for Bids for the Supply and Delivery of Stationery and Accessories**

**Contract Identification No: BM/MOR/G-NCB-01-2080-081**
**Date of publication: 16-08-2023**

1. Belbari Municipality has allocated funds to cover eligible payment under the Contract for Supply and Delivery of Stationery and Accessories (IFB No: BM/MOR/G-NCB-01-2080-081). Bidding is open to all eligible Nepalese Bidders.
2. The Belbari Municipality, Morang invites electronic bids from eligible bidders for the procurement of Supply and Delivery of Stationery and Accessories under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Belbari Municipality, Morang Belbari Municipality, Morang Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document Nrs. 3000/- in the following bank. And upon payment of a non-refundable fee of 3000.0 NRs till 15-09-2023 12:00.

| | | |
|---|---|---|
| **Name of the Bank** | : | **Rastriya Banijya Bank Ltd.,** |
| **Name of the Office** | : | **Belbari Municipality, Morang** |
| **Office Code no** | : | **801011304** |
| **Office Account no** | : | **2430100301010002** |

5. Pre-bid meeting shall be held at : Belbari Municipality, Morang at 05-09-2023 15:00
6. Electronic bids must be submitted to the office Belbari Municipality, Morang Nepal through PPMO website www.bolpatra.gov.np. on or before 15-09-2023 12:00. Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15-09-2023 14:00 hours at the office of Belbari Municipality, Morang Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 1,10,000.0 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Active Chief Administrative Officer**

# डेंगुको संक्रमण बढ्दो, १३ हजार संक्रमित



**काठमाडौं/मस–** देशभरि डेंगुको संक्रमण दैनिक बढिरहेको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार हाल देशभरि ७४ जिल्लामा डेंगुको संक्रमण फैलिँदा १३ हजार दुई सय ९२ जना बिरामी परेका छन् ।

डेंगुको संक्रमणबाट हालसम्म १० जनाको मृत्यु भइसकेको छ । महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले लगातार परिरहेको पानीका कारण तथा सरसफाइमा ध्यान नदिंदा डेंगुको संक्रमण बढिरहेको बताए । उनले दैनिक संक्रमण बढिरहेकाले सतर्कता अपनाउनु आग्रह गरे ।

'दैनिक डेंगुको संक्रमण बढिरहेकाले सरसफाइसहित लामखुट्टेबाट बच्न सतर्कता अपनाउनुपर्दछ', निर्देशक डा. मरासिनीले भने, 'डेंगु संक्रमण भदौ र असोजमा उच्च हुने जोखिम छ ।'

नेपालमा पहिलो पटक सन् २००४ मा डेंगुको संक्रमण देखिएको थियो । सन् २०२२ मा ५४ हजार सात सय ८४ जना डेंगुबाट संक्रमित भएका थिए भने यसबाट ८८ जनाको मृत्यु भएको थियो ।

डेंगुको संक्रमण सबैभन्दा बढी सुनसरीमा देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा सात हजार ८९ जना डेंगुबाट संक्रमित भएका छन् ।

यस्तै मोरङ एक हजार पाँच सय ९१, धादिङमा एक हजार दुई सय दुई, झापामा आठ सय ९६, कास्कीमा दुई सय ४७, धनकुटामा दुई सय ३६, काठमाडौंमा एक सय ९६, दार्चुलामा एक सय ९४,संखुवासभामा एक सय ५६ तथा चितवनमा ९० जनामा डेंगु संक्रमण पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

यस्तै डेंगुको संक्रमण सबैभन्दा बढी कोशी प्रदेशमा देखिएको छ । कोशीमा १० हजार एक सय ८२ जना यसबाट संक्रमित भएका छन् ।

यस्तै बागमती प्रदेशमा एक हजार सात सय ९३, गण्डकीमा पाँच सय १०, सुदूरपश्चिममा चार सय १७, लुम्बिनीमा दुई सय ६३, मधेसमा ९२ र कर्णाली प्रदेशमा ३६ जनामा डेंगुको संक्रमण देखिएको महाखाले जनाएको छ ।

मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ झूल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढंगले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन आग्रह गरेको छ ।


# मलेशियामा रोजगार

कम्पनी: HEALTHY RECIPE SDN BHD
शहर: SELANGOR

पूर्व स्वीकृत मितिः २०७९/०८/०९ | चलानी नं.: ६०१९२०४९ | LT. No.: 276421 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Cook | 13 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: EMBUNAN MULIA SDN BHD
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मितिः २०७९/०९/११ | चलानी नं.: ६०१९३७५६ | LT. No.: 278194 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Cook | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ६ गते (23 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ८७७/०६७/०६८

DAKSHINKALI MANPOWER SUPPLYER PVT. LTD.
Samakhusi, Kathmandu, Phone:-014957598, 9841579940, 9849477857
E-mail : supplyerworker@yahoo.com


# सामाजिक सुरक्षा सम्झौता गर्ने पहिलो पालिका बन्यो भिमफेदी



**काठमाडौं/मस–** नेपाल ट्रेड युनियन महासंघ जिफन्टले श्रम कानून कार्यान्वयनका लागि जोड दिँदै आएको छ । जिफन्ट बाग्मती प्रदेश कमिटीले विगत केहि महिना अगाडिदेखि हरेक नगर तथा गाउँ पालिकाहरुमा श्रम डेस्क सञ्चालन कार्यविधि जारी गर्न पहल गरेको थियो । नेपालको संविधानको धारा ३४ ले श्रमिकको हकको कुरा गरेको छ । जसमा सबै श्रमिकलाई सामाजिक सुरक्षाको हक हुने कुरा उल्लेख गरेको छ । श्रमिकको हकलाई कार्यान्वयनकै लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन,२०७४ निर्माण भएको हो। जसमा अनौपचारीक तथा स्वरोजगार क्षेत्रमा काम गर्ने श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन कार्यविधि समेत बनेको छ। उक्त कार्यविधिको बुधबार प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डबाट शुभारम्भ घोषणा हुँदै गर्दा सामाजिक सुरक्षा कोष कार्यालय र भीमफेदी गाउँपालिकाबीच सम्झौता भएको छ ।

भीमफेदी गाउँपालिकाको अध्यक्ष हिदम लामा र सामाजिक सुरक्षाकोषको कार्यकारी निर्देशक कृष्ण प्रसाद ज्ञावलीबीच मंगलबार कोषको कार्यालयमा सम्झौता भएको हो । बागमती प्रदेशभित्र सामाजिक सुरक्षामा सम्झौता गर्ने पहिलो गाउँपालिका भिमफेदी गा.पा. बनेको छ ।

गाउँपालिकाले गाउँसभाबाटै स्वीकृत गरेको कार्यक्रमले पूर्णता पाएको अध्यक्ष हिदम लामाले जानकारी दिए । चालु आर्थिक वर्षमा गाउँपालिकामा बसोबास गर्ने एक सय जना अनौपचारिक तथा स्वरोजगार श्रमिकहरूलाई सो कार्यक्रममा समेटिने अध्यक्ष लामाले बताए । 'सुरुवात भएको छ । हामी यस वर्ष १०० जना श्रमिकलाई कोषमा आवद्ध गराउनेछौँ । विस्तारै संख्या बढाउँदै लैजानेछौँ,' उनले भने ।

सुरुवाती अवस्थामा घरेलु तथा कृषि क्षेत्रमा काम गर्ने श्रमिक निर्माण क्षेत्र र यातायात क्षेत्रमा काम गर्ने श्रमिक लगायतलाई आवद्ध गराउने योजना रहेको बताए ।

अनौपचारिक तथा स्वरोजगारमा रहेका श्रमिक कोषमा आवद्ध भएपछि औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र पेन्सन सुविधा पाउनेछन् । सूचीकृत हुन चाहनेले आफ्नो पालिकाको सिफारिस भने अनिवार्य पेस गर्नुपर्नेछ ।

कोषमा अहिलेसम्म १८ हजारभन्दा धेरै रोजगारदाता कम्पनीका ७ लाख १० हजार श्रमिक आवद्ध छन् । २०७६ सालदेखि औपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको थियो । त्यसैगरी नेपाल ट्रेड युनियन महासंघ जिफन्ट भिमफेदि गाउपालिका कमिटीको भेला कमिटीका अध्यक्ष जीवन लामाको अध्यक्षता तथा बागमती प्रदेश अध्यक्ष रामहरि नेपालको प्रमुख आतिथ्यतामा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम मंगलबार भिमफेदिमा सम्पन्न भएको छ । कार्यक्रममा प्रदेश कमिटीका उपाध्यक्ष अर्जुन अर्याल, मजदुर नेता गंगा भट्टराई, जिल्ला अध्यक्ष बिक्रम सिं स्यान्ङ्तानले प्रशिक्षण दिएका थिए ।


# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: BANDAR BIN NAHAR AL HARBI STREET GENERAL CONTRACTING EST.
शहर: Dammam

पूर्व स्वीकृत मितिः २०८०/०४/३० | चलानी नं.: ६०२०६२७९ | LT. No.: 291066

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Upload And Download Operator | 4 | 0 | स. काममा दक्ष | 1500 | ५२,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ६ गते (23 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075

Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com



# कतारमा रोजगार

कम्पनी : NCC CLEANING AND HOSPITALITY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०८०/०४/३० | चलानी नं.: ६०२०६२७४ | LT. No.: 291005

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Administrative Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १०५,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1500 | ५४,५४० | | | | | | | |
| 3. | Executive Sales | 1 | 0 | | 3700 | १३४,५३२ | | | | | | | |
| 4. | Foreman | 1 | 0 | | 3000 | १०५,०८० | | | | | | | |
| 5. | Labour | 1 | 0 | | 1000 | ३६,३६० | | | | | | | |
| 6. | Supervisior | 0 | 1 | | 3000 | १०५,०८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ ६ गते (23 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

K.H.M Recruitment Service (P) Ltd.
Bijay Chowk-9, KTM, Nepal
Tel. No.: +977-01-4475321
E-mail: info@khmgroups.com I Website: www.khmgroups.com
श्रम इजाजत नं. ११९३/०७३/०७४


# 'क्वार्ज क्रिस्टल' गोरखा दरबारमा राखिने

**काठमाडौं/मस–** सरकारले गोरखाबाट बरामद गरेको क्वार्ज क्रिस्टल गोरखा दरबारमा राख्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद बैठकले उक्त निर्णय गरेको हो। ५२ किलो ३३० ग्रामको सो रत्नपत्थर पुस्तौंदेखि सुरक्षित राखेकामा घरधनी राममाया शाहीको परिवारलाई पुरस्कृत गर्ने पनि मन्त्रिपरिषदले निर्णय गरेको छ ।

केही दिनअघि खानी तथा भूगर्भ विभागको टोलीले सो पत्थरलाई बहुमूल्य क्वार्ज क्रिस्टल पहिचान गरी त्यसलाई विभागमा बुझाउन सिफारिस गरेको थियो ।

सअघि गोरखा नगरपालिकाको नेतृत्वको सामाजिक संघसंस्थाको टोलीले मंगलबार प्रधानमन्त्री तथा गृहमन्त्री समक्ष सो पत्थर गोरखामै राख्ने वातावरण बनाइदिन माग गर्दै ज्ञापनपत्र पेश गरेका थिए ।


# छार्का ताङसोङ गाउँपालिका

ཚྭ་དཀར་སྟེང་ཤོང་གྲོང་སྡེ་ལྷན་ཁང་།

## Chharka Tangsong Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

## INVITATION FOR ELECTRONICS BIDS

**First date of publication: 2080/04/31(2023-08-16)**

Chharka Tangsong Rural Municipality, Office of the Rural Municipal Executive, Kagkot, Dolpa invites only electronics bids from Nepalese eligible bidders for the following works under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents. May obtain further information contact at the Chharka Tangsong Rural Municipality, Office of the Rural Municipal Executive, Kagkot, Dolpa. A complete set of bidding documents may be downloaded from the PPMO's website www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID. | Description of works | Estimated Amount with VAT & Contingency NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. | Bidding Procedure | Last date of Bid submission |
|---|---|---|---|---|---|---|---|
| 1 | CTRM/DOLPA /WORKS/NCB/ 03-080/081 | Kagkot Bheri Nadi Tatbandhan Nirman Yojana | 99,99,688.48 | 2,41,500 | 3000 | Single Envelope Bidding Procedure | 2080-05-29 (2023-09-15) |
| 2 | CTRM/DOLPA /WORKS/NCB/ 04-080/081 | Kagkot to Bharbung Road Construction Project | 1,49,99,972.95 | 3,62,200 | 3000 | Single Envelope Bidding Procedure | 2080-05-29 (2023-09-15) |

**Chief Administrative Officer**





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

३१ साउन २०८०, बुधबार
16 August 2023, Wednesday

## सम्पादकीय

### सत्ता मोहको दुश्चक्र

नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको जनमत पार्टीलाई सरकारमा सहभागी गराएर प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संभावित सत्ता संकट टारेका छन् । ६ सिटको जनमत पार्टीका तर्फबाट अनिता देवी सामान्य प्रशासन मन्त्री बनेकी छन् । केही दिन अगाडि मात्रै नागरिक उन्मुक्ति पार्टी (नाउपा) लाई समेत प्रधानमन्त्री प्रचण्डले सुदूरपश्चिम प्रदेश सरकारमा सहभागी गराएका थिए । नाउपासँग प्रधानमन्त्रीले सुदूरपश्चिम प्रदेशको उपसभामुख दिने, प्रदेश संसदको दुई सभापति, दुई मन्त्री र एक राज्य मन्त्री दिने सहमति गरेका थिए । प्रदेशसभामा ७ सिट मात्रै रहेको नाउपालाई यति धेरै पद दिनुको पछाडि प्रतिनिधिसभामा उक्त पार्टीसँग ४ सिट रहनु थियो ।

नाउपा र जनमत पार्टीको १० सांसद जोड्दा अब जनता समाजवादी पार्टी (जसपा) बाहेक नै सत्तारूढ दलहरूसँग १४० सिट हुनेछ । जसपाको १२ सिट जोड्दा १५२ सिट हुन्छ । तर यसअघि जसपा संघीय सरकारका निम्ति निर्णायक शक्ति बनेको थियो । चालु आवको बजेट पारित गर्दा पक्षमा १४७ मत परेको थियो । त्यसमा जसपाको १२ सिट थियो । अर्थात् जसपाले सरकार फेर्न चाहे प्रचण्ड प्रधानमन्त्री रहिरहन आवश्यक १३७ सिट पुग्दैनथ्यो । यही तथ्य बुझेका प्रचण्डले जनमत र नाउपासँग सहमति गरेका छन् । जबकी यी दुवै दल गत १० पुसमा प्रचण्डलाई प्रधानमन्त्री बनाउन समर्थन गर्ने दल हुन् । तर आफ्नो माग पूरा नभएको भन्दै नाउपाले असन्तुष्टि जनाइरहेको थियो भने जनमत पार्टीले गएको चैतमा सरकार छोडेको थियो ।

तर जसपासँग अविश्वास बढेपछि प्रधानमन्त्री प्रचण्डले संभावित सत्ता संकट टार्न जनमत र नाउपालाई सरकारमा ल्याएको देखिन्छ । तर यसले सरकारलाई झनै अस्थीर बनाएको छ । सरकार बनेको सात महिनाभित्रै १२औं पटक मन्त्रिपरिषद् बिस्तार भएको छ भने संसदमा भएका लगभग सबै दल सरकारमा सहभागी भइसकेका छन् । प्रदेश सरकार अस्थीर र अपूर्ण छ । यी सबको कारण प्रचण्डमा रहेको सत्ता मोह हो । जनमत प्राप्त नभएपनि प्रचण्डको प्रधानमन्त्री बन्ने मोह हुँदा कहिले सात दलीय र कहिले दश दलीय गठबन्धन गरिरहेका छन् । तर टिकाउन भने मुस्किल छ । अहिले सत्तामा आएकै जनमत र नाउपा पनि प्रचण्ड प्रधानमन्त्री बन्दाका शुरूवाती साझेदार हुन् । तर प्रचण्डले नेकपा एमालेसँग सम्बन्ध तोडेर नेपाली कांग्रेसतिर लाग्दा त्यसबेलाका साझेदार दलहरू असन्तुष्ट हुन पुगे ।

# भ्रष्टाचार नियन्त्रणमा देखिएका जटिलता

*भ्रष्टचारी र गलत गरेकालाई छुट दिन हुँदैन । यसै गरिरहने हो भने पञ्चायती व्यवस्थालाई दोष लगाएर बहुदलीय र त्यो पनि भएन भनेर २०६२/६३ को आन्दोलन गरेर २४० वर्ष शासन गरेको राजसंस्थालाई विस्थापित गरेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रको के अर्थ रहन्छ ?*

**अग्रलेख**



● बेनीबहादुर कार्की

भ्रष्टाचारको जालोमा जेलिएको नेपालमा अहिले नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण र सुन प्रकरण चर्चाको विषय बनेको छ । यसअघि भ्रष्टाचारको कारबाहीको सन्दर्भमा ठूला माछालाई कारबाही नभएकामा यस पटक पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री, सरकारका बहालवाला सचिवसमेत १६ जना भुटानी शरणार्थी प्रकरणमा काठमाडौं जिल्ला अदालतको थुनछेकको आदेशले हाल केन्द्रीय कारागारमा रहेकाले पनि बढी चर्चा भएको हुनसक्छ । अन्य दुई काण्डमा भने हालसम्म योभन्दा धेरै संख्यामा काठमाडौं प्रहरीले हिरासतमा राखेर अनुसन्धान गरिरहेको र पक्राउ पर्नेको संख्या दिनदिनै बढिरहेको छ । संख्या जति बढे पनि आम जनताको माग भने पहिले झैं भरिया र बिचौलियालाई कारबाही गरेर ठूला माछालाई चोख्याउने काम गर्नु भएन, भ्रष्टाचारका सबै काण्डको फायल खोलेर जरोसम्म कारबाही गर्नुपर्छ भन्ने रहेको छ । अर्थात् दोषी देखिए जो कोहीलाई कारबाही गर्नुपर्छ भन्ने नै हो ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न २०४७ माघ २८ गते अख्तियार दुरूपयोग अनुसन्धान आयोग स्थापना गरियो । यो आयोगलाई सक्रिय पारेर भ्रष्टाचार नियन्त्रण गर्न २०५९ सालमा भ्रष्टाचार नियन्त्रण ऐन आयो । सो ऐनको दफा २ ले जुनसुकै गलत कामलाई भ्रष्टाचार मानेको छ । यता व्यवहारमा भने भ्रष्टाचारीले भ्रष्टाचार गरेर लिएको रूपैयाँको नम्बर अख्तियारको प्रतिनिधिले नोट गरेर उजुरी गर्दासमेत कारबाही नभएका थुप्रै घटना पनि छन् । यसो हुनुको मूल कारण त्यो पदमा बस्ने मानिस इमानदार नभई तल्लो तहदेखि नै गलत गर्दै आएको मानिसले नै अवसर पाएकाले यसो भएको हो भन्नै पर्ने हुन्छ । फलस्वरूप नेपाल विश्वका भ्रष्टाचारी देशहरुमा ५३ औं स्थानमा रहेको छ ।

एक अध्ययनले नेपालमा ३० प्रतिशत नीतिगत, २७ प्रतिशत प्रक्रियागत र बाँकी साना र संस्थागत भ्रष्टाचार हुने गरेको देखाएको छ । यसरी भ्रष्टाचारको परिभाषा गरेर यो ऐन ल्याइसकेपछि पनि यसको जरो अझै भेटिएको छैन । यसको मूल कारण मन्त्रिपरिषद्को निर्णयको विरुद्ध कारबाही गर्न नपाइने प्रावधान भ्रष्टाचार नियन्त्रण ऐनमा गरेकाले नै आजको अवस्था आएको हो भन्न सकिन्छ । यो कानून संशोधन नगरेसम्म नेपालबाट भ्रष्टाचार नियन्त्रण गर्न मुस्किल छ ।

भ्रष्टाचार नियन्त्रण गर्ने निकाय असफल जस्ता देखिएका छन् । यही भएर अहिले भ्रष्टाचारीहरुलाई स्वयम् सरकारको निर्देशनमा कारबाही सुरु भएको छ । लामो समयसम्म भ्रष्टाचार नियन्त्रणको काम नभएकाले अति भएको अर्थमा यही साउन २१ गते सर्वोच्च अदालतबाट ललिता निवास जग्गा प्रकरणमा मन्त्रिपरिषद्का सदस्यहरुलाई पनि कारबाही गर्न सकिने निर्देशन दिएकाले भ्रष्टाचारमा संलग्न उच्चपदस्थ अधिकारीलाई कारबाही गर्ने बाटो खुलेको छ । यसै सन्दर्भमा हालै राजश्वले सिआइबीलाई कारबाही गर्ने जिम्मा दिएको छ । यो कामले राजनीतिक शीर्ष नेतृत्वको भ्रष्टाचारको विरुद्ध इच्छाशक्ति भएमा भ्रष्टाचार नियन्त्रणको काम हुनसक्छ भन्ने पुष्टि भएको छ ।

विगतमा राजनीतिक नेतृत्वले भ्रष्टाचार नियन्त्रण गर्न सकेको थिएन । विगतमा गलत भयो भनेर नेपालमा ०४६ सालमा ऐतिहासिक जनआन्दोलनबाट ३० वर्षे निरकुंश पञ्चायती व्यवस्था समाप्त गरेर बहुदलीय व्यवस्था पुनर्स्थापना भएको १० वर्षको अनुभवपछि पनि भ्रष्टाचार नियन्त्रण नभएकाले यसैलाई नियन्त्रण गर्ने उद्देश्यकै लागि २०५९ सालमा भ्रष्टाचार नियन्त्रण गर्न ऐन ल्याएको भए पनि यतिका वर्षपछि पनि मुलुकमा भ्रष्टाचारका ठूला-ठूला काण्डहरु भएपनि अहिलेसम्म कुनैको पनि सतहसम्म निराकरण भएको छैन । केबल विवादै विवाद भइरहेको छ । हुन त ३० वर्षमा २८ वटा सरकार परिवर्तन भएर मुलुकमा स्थिर सरकार नभएकाले सुशासनको अभावले यस्तो भएको हुनसक्छ । तर यसो भनेर सधैं भ्रष्टचारी र गलत गरेकालाई छुट दिन हुँदैन, सकिँदैन । यसै गरिरहने हो भने पञ्चायती व्यवस्थालाई दोष लगाएर बहुदलीय र त्यो पनि भएन भनेर २०६२/६३ को आन्दोलन गरेर २४० वर्ष शासन गरेको राजसंस्थालाई २०६५ जेठ १५ गते संसदको निर्णयबाट विस्थापित गरेर ल्याएको संघीय लोकतान्त्रिक गणतन्त्रको के अर्थ रहन्छ ? यो हाम्रा लागि अहम् प्रश्न भएको छ । यही प्रश्नको उत्तर नपाएर आम नेपाली जनता यतिबेला निराश भएका छन् । विरोधका स्वरहरु चर्किरहेका छन् । नयाँ दलका नयाँ अनुहारहरुले जनताको समर्थन पाएर स्थापित भइरहेका छन् । यसो भएकाले अहिलेको राजनीतिक प्रणालीमा ३० औं वर्षदेखि शासन गर्दै आएका ठूला दलका शीर्ष नेताहरुको अगाडि चुनौतीको चाङ्ग खडा भएको छ । यसको तत्काल समाधान गर्न सबै मिलेर भ्रष्टाचार नियन्त्रण गर्नुको विकल्प छैन ।



*भ्रष्टाचार वास्तवमा नियन्त्रण गर्न सरकारले कानूनलाई व्यवहारको कसीमा उतारेर भ्रष्टाचारीहरूलाई निर्ममतापूर्वक हदैसम्मको कानूनी कारबाही गरी भ्रष्टाचारबाट कमाएको सम्पत्ति जफत गर्नुपर्छ । अनि मात्रै समाजले पनि भ्रष्टाचारीलाई सम्मान गर्नुको साटो सम्पूर्णरूपमा तिरस्कार गर्नेछ ।*

अहिले नेपालमा अनौठो अभ्यास भइरहेको छ । हुन त यस्तो अभ्यास बहुदलको पुनर्स्थापनापछि पनि भएकै हो । त्यो ठीक भएन, विकृति ल्यायो भनेर राजनीतिक प्रणाली नै फेरेपछि पनि उस्तै भइरहनु भनेको बिडम्बना नै हो । यतिबेला माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तेस्रो पटक सरकारको नेतृत्व गरेका छन् । विगतको अनुभवले हो वा अहिलेका चुनौती र जनभावना बुझेर हो वर्तमान सरकारले हिम्मतका साथ भ्रष्टाचारका तीन ठूला विषयमा कारबाही प्रक्रिया अगाडि बढाएको छ र भ्रष्टाचारीलाई कारबाही गर्ने सवालमा यो दल वा व्यक्ति नभनी बिना कुनै सम्झौता कारबाही गर्ने प्रतिबद्धता पटक-पटक दोहोराएर उप प्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठसमेतले आमरूपमा प्रशंसा पाइरहेका छन् । यद्यपि, यी विषयहरुमा नाम मुछिएका व्यक्तिहरु समेतलाई कारबाहीको दायरामा ल्याउनुपर्ने आम माग यथावत नै छ । अहिले भइरहेको कारबाहीले पनि पहिलेकै पुनराबृत्ति हुने हो कि भन्ने आशंका पनि कतिपयले गर्ने गरेका छन् । यही शंकाको घेराको सन्दर्भलाई आधार बनाएर सय किलो सुनकाण्डमा निष्पक्ष छानबिनका लागि उच्चस्तरीय आयोग गठनको माग राखेर प्रमुख प्रतिपक्षी नेकपा (एमाले)ले केही दिनदेखि संसद अवरुद्ध गरिरहेको छ ।

कतिपयले भने नेपालमा सुन तस्करी पञ्चायतीकालदेखि हालसम्म नियन्त्रण नभएको र यो अहिलेसम्मकै ठूलो सुन काण्ड भएकाले निष्पक्ष अनुसन्धान र दोषीलाई कारबाही गर्नका लागि अलग्गै छानबिन समिति गठनको मागलाई पक्ष विपक्षमा आफ्ना तर्कहरु दिइरहेका छन् । थरिथरिका तर्क आइरहेको भएपनि समग्रमा पहिले भएझैं अब कारबाही हात्तीको देखाउने दाँत हुनु भएन, भ्रष्टाचारका सबै काण्डहरुको चुरोसम्म पुगेर मुख्य दोषीलाई समेत कारबाही हुनुपर्छ भन्ने भनाइ आमरूपमा रहेको छ । भ्रष्टाचारको विरुद्धमा जरोसम्म पुगेर उच्चपदस्थ व्यक्तिलाई समेत कारबाही नगरे अब जनता सहने अवस्थामा देखिँदैनन् । यस्तै, भइरहने हो भने नेपालमा पनि भ्रष्टाचारको विरुद्धमा बङ्गलादेशको घट्ना पुनरावृति नहोला भन्न सकिन्न ।

अहिलेसम्म नेपालमा भइरहेको वास्तविकता के हो भने भ्रष्टाचार नियन्त्रण गर्न जे जुन कानून बने पनि र नियन्त्रण गर्ने पदमा जो रहे पनि भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न स्थापना भएका निकाय र सतनका पदाधिकारीहरु असफल मात्र भएनन् बरु उल्टै भ्रष्टाचारका पृष्ठपोषकका रूपमा देखिए । अख्तियार प्रमुख आयुक्त र आयुक्त नै भ्रष्टाचारको आरोपमा कारबाहीमा परेको बिडम्बनापूर्ण अवस्था रहेको छ । यही कारण भ्रष्टाचार झन्झन् व्यापकरूपमा फैलिएर गयो । यस्तै, भइरहने हो भने वर्तमान राजनीतिक प्रणालीलाई नै असर पर्न सक्छ । मुलुकमा भ्रष्टाचार संस्थागत भएको कारणले हिजो सबैको नजरमा केही नभएको नाङ्गो मानिस केही वर्षमै राजनीतिको आडमा अरबपतिको रूपमा खडा भए । सात पुस्तालाई पुग्ने सम्पत्ति केही वर्षमै कमाएकाले धनी झन् धनी हुँदै गए भने गरिब झन् गरिब । समाजले पनि जसरी कमाए पनि धनीलाई सम्मान गर्ने र गरीबलाई हेप्ने गरेकाले न सरकारले भ्रष्टाचारीलाई सजाय गर्न सक्यो न त समाजले नै न्याय गर्न सक्यो । यसो भएकाले डरलाग्दोरूपमा समाजमा धनी र गरिबको खाडल र विकृतिहरु बढेर गयो ।

समाजवादको नारा दिएको राजनीतिक प्रणालीमा यो नारामा मात्र सीमित भयो । रोजगारी र अवसरको अभावले पढेका र नपढेका लाखौं लाख मानिस विदेशिन बाध्य भए भने यता मनपरी गर्न सजिलो भएकाले मुलुक भ्रष्टाचारमा चुर्लुम्म डुबिरहेको छ । यसो भएपछि विरोध र असन्तुष्टि बढ्नु स्वभाविक भएकाले अहिले यही भइरहेको छ । सहजरूपमा नियन्त्रण हुन नसकेको भ्रष्टाचार वास्तवमा नियन्त्रण गर्न सरकारले कानूनलाई व्यवहारको कसीमा उतारेर भ्रष्टाचारीहरुलाई निर्ममतापूर्वक हदैसम्मको कानूनी कारबाही गरी भ्रष्टाचारबाट कमाएको सम्पत्ति जफत गर्नुपर्छ । अनि समाजले पनि भ्रष्टाचारीलाई सम्मान गर्नुको साटो सम्पूर्णरूपमा तिरस्कार गर्नेछ । युरोप र अमेरिकामा झैं श्रमको सम्मान गर्न थालनी गरेपछि मात्र भ्रष्टाचार नियन्त्रण हुन्छ । यस अर्थमा हालै सम्पन्न सत्तारुढ दुई ठूला दल नेपाली कांग्रेस र माओवादीको केन्द्रीय समिति बैठकको निर्णयअनुसार भ्रष्टाचारविरुद्धको प्रतिबद्धता रसरकारले थालनी गरेको भ्रष्टाचारविरुद्धको कारबाहीलाई सबैले पालना गरेर अगाडि बढ्नुपर्ने निर्णय स्वागतयोग्य छ ।

*(लेखक, वरिष्ठ अधिवक्ता हुन् ।)*

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

संसद चल्न सत्ताधारी दल, सभामुख बढी जिम्मेवार हुनुपर्छ । प्रतिपक्ष दलले संसद भनेको अवरुद्ध गर्ने र बिरोध गर्ने थलोको रूपमा प्रयोग गर्नु गलत हो । संसद नागरिकको समस्यामाथि छलफल र संवाद गरिने गरिमामय सर्वोच्च संस्था हो । लगातार संसद अवरुद्ध गर्नु जनता विरोधी र जनताको अधिकार अपहरण गर्नु हो ।



**- नवराज पन्त**

नेपालका बैंकहरुले साढे छ वर्षमा निक्षेपको दोब्बर हुने धमाका भन्दै पैसा उठाएका छन् । मुद्दतिमा ब्याज ९.९९ प्रतिशतमा ओर्लेको छ । यस्ता गलत कम्पाउण्डिङ्ग बिधि सबै फेल हुन सक्छन । उता बैंकबाट पैसा ऋण लिने क्रम ह्रास हुँदै गएको छ । यस्ता फाइदा नहुने धमाका किन निकाल्छ बैंकले ?



**- डम्मर खतिवडा**

केपी शर्मा ओलीले स्वीकार गरेछन्- पार्टी र कम्युनिस्ट आन्दोलन जोगाउन बाध्य भएर असंवैधानिक संसद विघटन गर्न पर्‍यो । अर्थात् उनको पार्टी (खासमा गुटको करिअर) देश, जनता, संविधान, संविधानवाद, लोकतन्त्र वा विधिको शासनभन्दा ठूलो हो, प्रष्टै छ यिनको प्राथमिकता कहाँनेर छ ?




**- च्वयन घिमिरे**

राजस्व अनुसन्धानले साउन ३ मा एयरपोर्टबाट भन्सार पास भइ बाहिरिएर सिनामङ्गलबाट बरामद गरेको सुन जोख्न र वास्तविक तौल ६० किलो ७१६ ग्राम हो भनेर पत्ता लगाउन मात्र देशका तीन निकाय राजस्व अनुसन्धान, प्रहरीको सिआइबी र राष्ट्र बैंकलाई ठ्याक्कै २८ दिन लाग्यो । अनुसन्धान हुँदैछ, आयोग पनि बन्ला !

# व्यवस्थामाथि प्रश्न

**विचार**



● शम्भू कट्टेल

*सैद्धान्तिकरूपमा पनि चुनावी प्रणाली अप्रजातान्त्रिक, प्रशासनिक संरचना पुरानै, आर्थिक संरचना पुरानै, लुटतन्त्र सम्भव गराउने संविधान अनि कसरी राजनीतिक व्यवस्थालाई लोकतान्त्रिक भन्न मिल्छ ? यो गणतन्त्र त हो, तर अलोकतान्त्रिक गणतन्त्र !*

